नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
# सहकारी विभाग
(.................................................शाखा)

नयाँ बानेश्वर, काठमाडौं
नेपाल ।

पत्र संख्या :-
चलानी नं. :- १७४५
प्राप्त पत्र संख्या र मिति :-

मिति :- २०७८।०१।१२

**विषय : सूचना ।**

**श्री सहकारी संघसंस्थाहरू,**
**सवै ।**

विश्वव्यापी रुपमा फैलिएको कोभिड-१९ को सक्रमण दर पछिल्ला केही दिनमा दोस्रो लहरको रुपमा फैलिदै गएको छ । नेपालमा समेत दिनानुदिन सक्रमण दर तीब्र रुपमा बढ्दै गएको देखिएकोले संक्रमणको जोखिमलाई न्यूनीकरण गर्दै आवश्यक स्वास्थ्य सतर्कता सहित सहकारी संघसस्थाको व्यावसायिक निरन्तरताको सुनिश्चितता गर्नुपर्ने देखिन्छ । सो सम्बन्धमा देहायका व्यवस्थाहरु अवलम्बन गर्दै सेवालाई सुचारू रुपमा संचालन गर्न गराउनका लागि यो निर्देशन जारी गरिएको छ ।

१. नेपाल सरकार तथा विश्व स्वास्थ्य संगठनबाट जारी गरिएका स्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्डको पूर्ण रुपमा परिपालना गरी सेवा प्रवाहमा प्रत्यक्ष सम्पर्कमा रहने जनशक्ति तथा सेवाग्राहीहरुमा संक्रमणको जोखिमलाई न्यूनीकरण गर्न आवश्यक पर्ने उपायहरु अवलम्बन गर्ने ।

२. सहकारी संघसंस्थाहरुले काउन्टरमा भिडभाड नहुने तथा आवश्यक भौतिक दुरी कायम हुने गरी मात्र सेवा प्रवाह गर्ने व्यवस्था मिलाउने ।

३. सहकारी संघसस्थाहरुको काउन्टरमा संक्रमण जोखिम न्यूनीकरण गर्नका लागि आवश्यक पर्ने सेनिटाइजर, टिस्यू पेपर, थर्मलगनको व्यवस्था गरी काउन्टरको ढोकालाई खुल्ला गरी सेवा प्रवाह गर्ने ।

४. सहकारी संघसंस्थाबाट संचालन गरिने बैठक, गोष्ठी, तालिम जस्ता कार्यक्रमहरुमा भौतिक दुरी सुनिश्चित गर्ने तथा सम्भव भएसम्म यस्ता कार्यक्रमहरु अभौतिक (Virtual) माध्यमबाट संचालन गर्ने ।

५. कर्मचारीहरुमा हुन सक्ने संक्रमण तथा संस्थाको व्यावसायिक निरन्तरतालाई मध्यनजर गर्दै संक्रमणको जोखिम न्यून हुने गरी सेवा प्रवाह गर्ने । संभव भएसम्म कर्मचारीहरुलाई समूह

उप-रजिष्ट्रार

फोन नं. : ४-४६५३६२, ४-४६११७७, फ्याक्स : ४-४६५५१७
Email: sahakaribivag@gmail.com, Website: www.deoc.gov.np
(नोटः कपया पत्राचार गर्दा प.सं.. च. नं. र मिति अनिवार्य रुपमा उल्लेख गरिदिन होला ।)

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

# सहकारी विभाग

(..............................................शाखा)

नयाँ बानेश्वर, काठमाडौं
नेपाल ।

पत्र संख्या :-
चलानी नं. :-
प्राप्त पत्र संख्या र मिति :-

मिति :-

विभाजन गरी कार्य गर्ने व्यवस्था मिलाउने । बजारमा खटिएर नगद संकलन गर्ने कर्मचारीको आवश्यकता अनुसार PCR परीक्षण गराई रहने ।

६. समुदायस्तरमा कोभिड-१९ को सक्रमण फैलिई महामारीको विशेष अवस्था आईपर्न सक्ने परिस्थितिलाई समेत आकलन गरी सहकारी संघसस्थाहरुले आवश्यकीय कार्य निरन्तरताका लागि विस्तृत कार्य योजना तयार गरी समयानुकुल अद्यावधिक गर्दै जाने । साथै संघसंस्थामा आउन सक्ने तरलता अभावका लागि समयमै संचालक समितिले विशेष कार्य योजना तयार गरी सोही कार्य योजना अनुसार कार्य गर्ने व्यवस्था मिलाउने ।

७. यस विभागबाट कोभिड-१९ को संक्रमण जोखिम न्यूनीकरण गरी सेवा सुचारु गर्ने सम्बन्धमा यसपूर्व भएका निर्देशनहरुको पूर्ण रुपमा परिपालना गर्ने व्यवस्था मिलाउने ।

०४/१२

उप-रजिष्ट्रार

फोन नं. : ४-४६५३६२, ४-४६११७७, फ्याक्स : ४-४६५५१७
Email: sahakaribivag@gmail.com, Website: www.deoc.gov.np
(नोटः कपया पत्राचार गर्दा प.सं., च. नं. र मिति अनिवार्य रुपमा उल्लेख गरिदिन होला ।)